धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६१/७०

# प्रत्यूष National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्धु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन ।
९८५११२०८५०
भाईवरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २३, अङ्क ५६ ◆ २०८३ भदौ २७ शनिबार ◆ Saturday, September 12, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४ ◆ मूल्य रु. ५/-

## प्रशासनिक र राजनीतिक नेतृत्वबीचको सहकार्य आवश्यक

*प्रत्यूष समाचारदाता*

दाङ । लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेत नारायण आचार्यले प्रशासनिक र राजनीतिक नेतृत्वबीचको समन्वय र सहकार्यले सरकारका कामलाई परिणाममुखी बनाउन सहयोग पुग्ने बताउनुभएको छ ।

मुख्यमन्त्री तथा मन्त्रि परिषद्को कार्यालय राप्ती उपत्यका देउखुरीमा शुक्रबार आयोजित एक कार्यक्रममा उहाँले प्रदेश सरकारका कामलाई प्रभावकारी बनाउन समन्वय र सहकार्यको माध्यमलाई प्राथमिकता दिएको जनाउँदै मुख्य कृष्णप्रसाद काप्रीले आफ्नो कार्यकालमा मन्त्रालयको सङ्ख्या घटाउने, सरकारी खर्चमा मितव्ययिता कायम गर्ने तथा सुशासन प्रवर्द्धनका क्षेत्रमा अनुकरणीय काम गरेको उल्लेख गर्नुभयो । सो अवसरमा मुख्य सचिव काप्रीले प्रदेशमा केही नयाँ कामको थालनी र प्रशासनिक सुधारका क्षेत्रमा महत्वपूर्ण भूमिका निर्वाह गरेको जानकारी दिनुभयो । 'कानुनमा रहेर काम गर्नुपर्छ र त्यसबाट नतिजा निकाल्नुपर्छ' भन्ने मान्यताका साथ आफूले जिम्मेवारी पूरा गरेको उहाँको भनाइ थियो ।

गत मङ्सिर १ गते लुम्बिनी प्रदेशको प्रमुख सचिवको जिम्मेवारी सम्हाल्नुभएका काप्रीले नौ महिना २६ दिन प्रदेशको प्रशासनिक नेतृत्व गर्नुभयो । उहाँको निर्वाचन आयोगमा सरुवा भएको छ । विदाइ कार्यक्रम मा भौतिक पूर्वाधार विकासमन्त्री रत्नबहादुर खत्री, प्रदेश सरकारका सचिव, कर्मचारी लगायतको सहभागीता रहेको थियो ।

## भोटेकोशी बाढी पीडितलाई बेनी नगर पालिकाको करिब रु ४० लाख सहयोग

म्याग्दी । म्याग्दीको बेनी नगर पालिकाले रसुवाको भोटेकोशी नदीमा यही भदौ १० गते आएको बाढीबाट प्रभावितका लागि करिब रु ४० लाख सहयोग गरेको छ ।

बाढीबाट प्रत्यक्ष प्रभावित नागरिकको राहत तथा उद्धारकार्यमा सहयोग पुऱ्याउने उद्देश्यले रु ३९ लाख ९४ हजार ३६६ सहयोग गरिएको नगरपालिकाले जनाएको छ । उक्त रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरिएको नगर उपप्रमुख ज्योती लामिछानेले जानकारी दिनुभयो । जनप्रतिनिधि, कर्मचारी, स्वास्थ्यकर्मी र शिक्षकको पारिश्रमिकबाट कट्टि गरी उक्त रकम सहयोग गरिएको उहाँले बताउनुभयो । यसअघि म्याग्दीका धवलागिरी, रघुगङ्गा र अन्नपूर्ण गाउँपालिकाले विपद् व्यवस्थापन कोषबाट रु दुई/दुई लाख सहयोग गरिसकेका छन् ।

## दशौं राष्ट्रिय खेलकुद मङ्सिर १६ देखि २७ गतेसम्म कर्णाली प्रदेशमा सञ्चालन हुने

काठमाडौं । दशौं राष्ट्रिय खेलकुद प्रतियोगिता आगामी मङ्सिर १६ देखि २७ गतेसम्म कर्णाली प्रदेशमा आयोजना हुने भएको छ । शिक्षा तथा खेलकुद मन्त्रालयले उक्त प्रतियोगिता कर्णाली प्रदेशको सुर्खेतसहित विभिन्न जिल्लामा सञ्चालन गर्ने निर्णय गरेको हो ।

राष्ट्रिय खेलकुद परिषद्को १२५औं बैठकको सिफारिसका आधारमा मन्त्रालयले प्रतियोगिताको मिति र आयोजना क्षेत्र टुङ्गो लगाएको हो ।

मन्त्रालयका प्रवक्ता एवं सहसचिव श्रीप्रसाद भट्टराईद्वारा शुक्रबार जारी विज्ञप्तिमा भनिएको छ, "शिक्षा तथा खेलकुद मन्त्रालयले राष्ट्रिय खेलकुद प्रतियोगिताको दशौं संस्करण २०८३ साल मंसिर १६ गतेदेखि २७ गतेसम्म कर्णाली प्रदेशका सुर्खेत लगायतका विभिन्न जिल्लामा आयोजना गर्ने निर्णय गरेको छ ।"

सअघि राष्ट्रिय खेलकुदको नवौं संस्करण २०७९ असोज २८ देखि कात्तिक ३ गतेसम्म गण्डकी प्रदेशमा आयोजना भएको थियो । त्यसयता राष्ट्रिय खेलकुद प्रतियोगिता सञ्चालन हुन सकेको थिएन । शक्षा तथा खेलकुद मन्त्रालयले उक्त प्रतियोगिता कर्णाली प्रदेशको सुर्खेतसहित विभिन्न जिल्लामा सञ्चालन गर्ने निर्णय गरेको हो । दशौं संस्करणलाई व्यवस्थित र सफल बनाउन मन्त्रालयले प्रदेश सरकार, स्थानीय तह तथा सम्बन्धित सरोकारवालालाई आवश्यक तयारी तथा व्यवस्थापनका काम अघि बढाउन आग्रह गरेको छ ।

सबैको सहयोगबाट राष्ट्रिय खेलकुद प्रतियोगितामा खेलाडीको उत्साहजनक सहभागिता, तथा उदाहरणीय व्यवस्थापन तथा मर्यादित र अनुशासित खेल प्रदर्शन हुने र यसबाट राष्ट्रको गौरव उच्च हुने विज्ञप्तिमा जनाइएको छ । राष्ट्रिय खेलकुद परिषद्को १२५औं बैठकको सिफारिसका आधारमा मन्त्रालयले प्रतियोगिताको मिति र आयोजना क्षेत्र टुङ्गो लगाएको हो ।

## अवैध वन्यजन्तु व्यापारविरुद्ध लड्न र क्षेत्रीय सहयोगको प्रतिबद्धता

*प्रत्यूष समाचारदाता*

काठमाडौं । दक्षिण एसिया वन्यजन्तु अपराध नियन्त्रण सञ्जाल (सावेन)ले अवैध वन्यजन्तु व्यापारविरुद्ध लड्न र क्षेत्रीय सहयोग सुदृढ गर्न सामूहिक प्रतिबद्धता जाहेर गरेको छ ।

सावेनको दुई दिनसम्म काठमाडौंमा भएको पहिलो महासभा शुक्रबार काठमाडौं घोषणापत्र जारी गर्दै सम्पन्न भएको छ । महासभाले दक्षिण एसियामा अवैध वन्यजन्तु व्यापारविरुद्ध लड्न क्षेत्रीय सहयोग सुदृढ गर्ने सम्बन्धी काठमाडौं घोषणापत्र जारी गरेको हो ।

घोषणापत्रले अवैध वन्यजन्तु व्यापारको रोकथाम, पहिचान र नियन्त्रण गर्न तथा गम्भीर वन्यजन्तु अपराधविरुद्धको प्रतिकार्य सुदृढ गर्न सदस्य राष्ट्रको राजनीतिक प्रतिबद्धतालाई पुनः पुष्टि गरेको छ । यसले सूचना तथा गुप्तचर जानकारीको थप प्रभावकारी आदानप्रदान, समन्वित कार्यान्वयन र फौजदारी न्यायसम्बन्धी सहयोग, वित्तीय अनुसन्धान, प्रविधि र अनुसन्धानका साथै रेन्जर तथा अग्रपङ्क्तिमा खटिने अन्य कर्मचारी को क्षमता, सुरक्षा र कल्याणमा थप ध्यान दिन आह्वान गरेको छ ।

महासभाको अध्यक्षता कृषि, वन तथा पर्यावरणमन्त्री गिता चौधरीले गर्नुभएको थियो भने सभामुख डोलप्रसाद अर्यालले महासभाको उद्घाटन गर्नुभएको थियो । उद्घाटन सत्रलाई बङ्गलादेश का वातावरण, वन तथा जलवायु परिवर्तनमन्त्री अब्दुल अवाल मिन्टुले सम्बोधन गर्नुभएको थियो । महासभाको कार्यक्रमलाई परराष्ट्र मन्त्री शिशिर खनालले पनि सम्बोधन गर्नुभएको थियो ।

महासभाले सन् २०११ मा भुटानमा सावेनको औपचारिक शुभारम्भको सम्फनामा प्रत्येक वर्ष ३० जनवरीलाई "सावेन दिवस"का रूपमा मनाउने सहमति पनि गरेको छ । महासभाले सावेन कार्यान्वयन योजना २०२६-२०३० अपनाएको छ र सन् २०२६/२७ देखि २०२८/२९ का लागि तीनवर्षीय कार्य तथा बजेट कार्यक्रमलाई अनुमोदन गरेको छ । प्राथमिकतामा क्षेत्रीय कार्यान्वयन र गुप्तचर सहयोग, फौजदारी न्यायसम्बन्धी प्रतिकार्य, क्षमता विकास, समुद्री तथा स्वच्छ पानीका वन्यजन्तुसम्बन्धी अपराध, अन्तर्राष्ट्रिय सहयोग, अनुसन्धान तथा ज्ञान व्यवस्थापन, माग न्यूनीकरण र संस्थागत सुदृढीकरण रहेका छन् ।

महासभाले १ जनवरी २०२७ देखि लागू हुने गरी सदस्य राष्ट्रहरूका लागि वार्षिक योगदान अपनाएको छ । साथै, सावेनको संस्थागत आधारका रूपमा सदस्य राष्ट्रको स्वामित्व र आयोजक राष्ट्रको सहयोगलाई पुष्टि गर्दै त्यसलाई बाह्य वित्तीय, प्राविधिक तथा वस्तुगत सहयोगबाट परिपूरण गरिने जनाएको छ । क्षेत्रीय गुप्तचर तथा कार्यान्वयन सहयोग, साइबर तथा डिजिटल अनुसन्धान, वन्यजन्तु फरेन्सिक, वित्तीय अनुसन्धान, फौजदारी न्याय, क्षमता विकास, समुद्री तथा स्वच्छ पानीका वन्यजन्तु सम्बन्धी अपराध, अन्तराष्ट्रिय सहयोग, जनचेतना तथा क्षेत्रीय अनुसन्धानसम्बन्धी प्रस्ताव र निर्णयहरूको एउटा प्याकेज पनि अपनाइएको छ । महासभाले आफ्नो कार्यविधि नियमावली पनि अपनाएको छ र भविष्यमा अन्य सदस्यको सह-भागिता तथा सदस्यता प्रदान सम्बन्धी ढाँचामाथि पनि विचार गरेको छ । यस अघि ९ सेप्टेम्बरमा सम्पन्न सावेन कार्यकारी समितिको १५औं बैठकले शासन, कार्यक्रम, वित्तीय तथा नीतिगत दस्तावेजको समीक्षा गर्दै महासभाको तयारीका लागि आधार तयार गरेको थियो । महासभा अघि १० सेप्टेम्बरमा दक्षिण एसिया अवैध वन्यजन्तु व्यापार परिदृश्य कार्यशाला पनि आयोजना गरिएको थियो ।

## भोटेकोशी बाढीः नेपाल प्रहरीद्वारा 'टिमुरे टु त्रिवेणी' अप्रेशन सञ्चालन

काठमाडौं । भोटेकोशी बाढीबाट प्रभावितको उद्धार तथा बेपत्ता भएकाको खोजीलाई व्यवस्थित बनाउन नेपाल प्रहरीले रसुवाको टिमुरेदेखि नवलपरासीको त्रिवेणी सम्मको क्षेत्रमा विशेष अप्रेशन सञ्चालनमा ल्याएको छ ।

सो अप्रेशन अन्तर्गत खोज तथा उद्धारमा कुकुरको प्रयोग, होल्डिङ सेन्टरको व्यवस्थापन, समुदाय-प्रहरी साझेदारी कार्यक्रम, अपराध नियन्त्रण तथा अनुसन्धान, राहत वितरण तथा पुनस्थापना, 'डिएनए प्रोफाइलिङ' एवं ट्राफिक व्यवस्थापनलगायत विषयलाई उच्च प्राथमिकता दिइएको छ । यस कार्यक्रमलाई सफल बनाउन प्रहरी हेडक्वार्टमा सञ्चालित 'नेपाल प्रहरी विपद् उद्धार तथा समन्वय सूचना व्यवस्थापन केन्द्र'मार्फत सम्बन्धित बाढी प्रभावित जिल्ला लाई आवश्यक निर्देशन दिइएको छ । बाढीका कारण भोटेकोशी र त्रिशूलीका तटीय क्षेत्रका विभिन्न स्थानमा बगाइ वा हराइ रहेका मानिस जीवित हुनसक्ने सम्भावना लाई उच्च प्राथमिकतामा राखेर उद्धार तथा खोजी गर्न मातहतका युनिटलाई भनिएको छ ।

फेला परेका शव वा शरीरका अङ्गका मुचुल्कालगायत कानुनी प्रक्रिया पूरा गरी व्यवस्थापन गर्न, प्रभावित क्षेत्रमा नागरिकका धनमाल, नगद, सुनचाँदी, बैङ्क कार्ड तथा महत्वपूर्ण सरकारी वा व्यक्तिगत कागजात फेला परेको अवस्थामा सम्बन्धित धनीलाई हस्तान्तरण गर्न आग्रह गरिएको छ । केन्द्रीय प्रहरी प्रवक्ता एवं प्रहरी नायब महानिरीक्षक अबिनारायण काफ्ले बाढीमा परी बेपत्ताको खोजलाई प्राथमिकतामा राखी नदी किनारा, भग्नावशेषलगायत स्थानमा प्रहरी टोली परिचालित गरिएको बताउनुहुन्छ । "कठिन भौगोलिक अवस्थालाई मध्यनजर गरी खोजी कार्यलाई प्रभावकारी बनाउन ड्रोन एवं केनाइनको प्रयोगमा विशेष जोड दिइएको छ । प्रहरीले टिमुरेदेखि त्रिवेणीसम्म विशेष अप्रेशन सञ्चालन गरी खोज तथा उद्धारलाई तीव्र पारेको छ", ।

## आज विश्व प्राथमिक उपचार दिवस

*प्रत्यूष समाचारदाता*

काठमाडौं । विश्व प्राथमिक उपचार दिवस नेपालनमा पनि आज (शनिबार) 'बसाइँसराइको सन्दर्भमा प्राथमिक उपचार' भन्ने नाराका साथ भव्यतापूर्वक मनाइएको छ ।

विश्वभर विभिन्न कारणले आन्तरिक तथा बाह्य बसाइँसराइ बढ्दै गइरहेका छ । नेपालमा पनि विपद्, बाढीपहिरो तथा अन्य आकस्मिक घटना तथा अवसरहरूको खोजीमा मानिसहरू बसाइँसराइ गर्ने गरेका छन् ।

यसै अवसरमा नेपाल रेडक्रस सोसाइटीद्वारा शुक्रबार जारी विज्ञप्तिमा भनिएको छ " बसाइँसराइ यात्रा सहज हुँदैन यसमा विभिन्न बाधा व्यवधानहरू आउन सक्छन् जस्तै अनिश्चित जीवन अवस्था, जीविकोपार्जनका उपाय नहुनु, आधारभूत स्वास्थ्य सेवाको पहुँचमा अवरोध, जोखिमपूर्ण मार्गको प्रयोग, भाषा, संस्कृति, भौगोलिक अवस्था आदिको जानकारी नहुनु, प्रशिक्षणको अभाव आदिका कारण बसाइसराइ गर्ने व्यक्तिमा एक्लोपन, चिड-चिडाहट, थकान, मानसिक दवाव, स्वास्थ्य स्थितिमा गिरावट, बिरामीपन अनुभव, मानसिक तनाव हुन सक्छ । "

यसैगरी बसाइँसराइ गर्ने हरुलाई डिहाइड्रेसन, हाइपो-थर्मिया, कुपोषण, थकान, आघातजन्य चोटपटक, डुब्ने, असुरक्षित काम गर्नुपर्ने अवस्था र मनोवैज्ञानिक पीडा जस्ता उच्च जोखिम मात्र नभै बसाइँसराइका विभिन्न चरणहरूमा सामना गर्ने शारीरिक र मनोवैज्ञानिक दुर्व्यवहार, बारम्बार हिंसा आदि जस्ता बाधा व्यवधानहरू को सामना गर्नुपर्ने हुन सक्छ । यस्तो अवस्थामा प्राथमिक उपचारसम्बन्धी ज्ञान र सीपले घाइते तथा बिरामीको तत्काल उद्धार, स्वास्थ्य अवस्था बिग्रन नदिन र जीवन रक्षा गर्न महत्वपूर्ण भूमिका खेल्ने विज्ञप्तिमा उल्लेख छ ।

विज्ञप्तिमा भनिएको छ "महामारी, दुर्घटना, विपद्, द्वन्द्व तथा अन्य आकस्मिक परिस्थितिमा आवश्यक प्राथमिक उपचार सेवाको आवश्यकता निरन्तर बढिरहेको सन्दर्भमा हाले आएको भोटेकोशी बाढीको समयमा नेपाल रेडक्रसका प्रशिक्षित स्वयंसेवकहरूले प्राथमिक उपचार, मनोवैज्ञानिक प्राथमिक उपचार, तथा प्रतिकार्यका अन्य गतिविधि लगायत मानवीय सेवा प्रदान गरी यसको महत्वलाई थप पुष्टि गरेका छन् । " नेपाल रेडक्रसले नेपाल सरकारका सुरक्षा निकाय, संयुक्त राष्ट्रसङ्घीय निकाय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घ-संस्था, कुटनीतिक नियोग, औद्योगिक तथा व्यावसायिक क्षेत्रलगायत सरोकारवालासँग समन्वय र साझेदारी गर्दै प्राथमिक उपचार सम्बन्धी प्रवर्द्धनात्मक प्रशिक्षण तथा सेवामूलक कार्यक्रम सञ्चालन गर्दै सकेसम्म सबैमा प्राथमिक उपचारको पहुँच पुऱ्याउन प्रयासरत रहेको जनाएको छ ।

यस अवसरमा, नेपाल रेडक्रस सोसाइटीले 'बसाइँसराइको सन्दर्भमा प्राथमिक उपचार' भन्ने नारालाई आत्मसात् गर्दै प्राथमिक उपचारको ज्ञान, सीप र अभ्यासलाई व्यापक बनाउन तथा 'हरेक घरमा एक प्राथमिक उपचारकर्ता ' भन्ने अभियानलाई सार्थक बनाउन सबैलाई आह्वान गरेको छ ।

## सम्पादकीय ....

### बाबुलाई वृद्धाश्रममा होइन, घरमै भेटौँ

हिजोआजको संस्कार संस्कृति केही फरक हुने गरेको देखिन्छ । अन्यथा यस दिन बाबुले आफ्ना सन्ततिबाट धेरै प्यारको आकाङ्क्षा गरेको हुन्छ । टाढा रहेका छोराछोरीहरू बिदेसिएका सन्ततिहरूले अघिपछि स्नेह, प्यार दिन नसके पनि पितृ सम्मान गर्र्ने दिन कुसेऔँसीका दिन वर्षभरिको मानसम्मान दिन सकून, यही प्रेरणा दिन खोजेको छ वैदिक संस्कारका चाडपर्वहरूले । सदाबहार, बाबुप्रति श्रद्धा अर्पण गर्ने चाड कुसेऔँसी पर्वले सबैको, सबैप्रतिको सम्मान गर्ने छ, धर्तीप्रेम बढाउने छ र आमबाबुहरू वृद्धाश्रमतिर धकेलिने छैनन् । यो आशा गरौँ, कुसेऔँसीमा बाबुलाई वृद्धाश्रममा होइन घरमै भेटौँ । जीवित नभए तीर्थ, मन्दिरमा दानदक्षिणा गरेर भए पनि भेटौँ, छोराछोरीको कर्तव्य पूरा गरौँ । बाबुले आफूले नखाएर पनि सन्ततिको सुखका लागि हरतरहले प्रयास गरेको हुन्छ, काँधमा बोकेको हुन्छ, दिसापिसाब सन्ततिको कष्ट सहेको हुन्छ । जवान सन्तान यतिबेला पनि आफ्नो साथमा नपाउँदा बाबु रुन्छ मात्रै होइन, अभाव महसुस गर्छ । हाम्रा सन्तति कति खाडीतिर छन् अहिले ।

पिताको आज्ञा पालना गर्नेले कुनै तीर्थ गरिरहनु पर्दैन भनी शास्त्रहरूले स्पष्ट किटान गरेका छन् । त्यसैले पिता आफैँमा एक महत्वपूर्ण तीर्थ पनि हुन् । 'पुँ' नामक नरकबाट उद्धार गर्ने हुनाले छोरोलाई पुत्र भनिएको हो । लालनपालन गरेर वा पिण्डपानी दिएर या मृत्युपछि बाबाआमालाई सागरसम्म लग्दा आफ्नै काँधमा बोकेर आमाबाबुको लासलाई बोकेर घाटसम्म लाँदा प्रत्येक पाइलामा एक यज्ञ बराबरको फल पाइने कुरा शास्त्रमा वर्णित छ। आद्यगुरु शङ्कराचार्यले भन्नुभएको छ- कुपुत्रो जायेत क्वचिदपि कुमाता नभवति अर्थात् वंशमा सन्तान खराब आउन सक्छन् तर कु बाबु वा कु आमा कहिल्यै हुन्नन्, कलिमा यदाकदा देखिनु अर्कै कुरा हो ।

पिताको स्थान हरेक दिन नै उच्च रहन्छ । तथापि विशेष दिनका रूपमा कुसेऔँसीलाई बाबुको मुख हेर्ने भन्ने हाम्रो चलन छ । जीवित बाबुलाई उनलाई मन परेको खाना, वस्त्र, उपहार चढाएर खुसी पारी आशीर्वाद लिने गरिन्छ भने मरेका बाबुका नाममा तीर्थ गएर स्नान, दान, तर्पण, पिण्ड आदि श्राद्ध गरेमा बाबुका नाममा तीर्थ गएर, स्नान दान गरेर, तर्पण, पिण्ड आदि श्राद्ध गरेर पितृहरूबाट स्नेह, आशीर्वाद लिने चलन छ। काठमाडौँको पूर्वोत्तर गोकर्ण क्षेत्रमा यस दिन मरेका पिताको दर्शन पाइन्छ भन्ने मान्यता छ ।

यस दिन स्नान, दान गर्ने श्राद्ध, पिण्डदान दिने, तर्पण, सिदा दान गर्नाले पितृहरूले परम गति प्राप्त गर्छन् भनी धर्मशास्त्रहरूले किटानी गरेका छन् । संसारबाट बिदाइ लिँदा साथमा जाने पाप र पुण्य मात्रै हो; भौतिक सम्पत्ति, धन, वाहन, पशु, कुलकुटुम्ब, इष्टमित्र सबै यतै रहन्छन् । पुत्रले पाप गरे पितालाई आधा जान्छ भनेको छ महाभारत शान्तिपर्वले । पुत्रले गरेको पाप आमालाई भने जाँदैन । वृद्ध बाबुआमाको लालनपालनमा समेत समस्या देखिएको छ। बुढ्यौलीको सहारा लौरो र सन्तान हुनुपर्नेमा एक्लो जीवन बिताउनु परेको र एकै घरमा पनि सन्तति हुँदा भान्सा अलग रहेको विषम परिवेश भोग्दै छौँ । यसले हाम्रो धार्मिक र सांस्कृतिक धरोहर एवं मूल्यमान्यतामा प्रश्न खडा भएको छ ।


### पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका "प्रत्यूष राष्ट्रिय दैनिक तपाईंलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं। तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ । तपाईंहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं ।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक
नीलकण्ठ -३, धादिङबेसी,
फोन ०१०-५२१४३०,९८५११२०८५०
Email : pratyushdainik@gmail.com


## छोरा भेटिने आसमा भौँतारिएका बाहरू

सनद अधिकारी

हिजो (शुक्रबार) कुशे औँसी अर्थात् 'बा' (बुबा)को मुख हेर्ने दिन । 'बा' हुनेहरूले भौतिक रूपमै 'बा' को पूजा गरी मिठामिठा परिकार खुवाएर मुख हेरे । टाढा हुनेहरूले पनि 'बा'लाई सम्झिए, फोन गरे र आशीर्वाद लिए ।

'बा' र छोराछोरीबीचको सम्बन्ध नै यस्तै हुन्छ, जहाँ छोराछोरीले आफ्नो हरेक खुसीमा 'बा'को सम्झना गर्छन् र 'बा'ले पनि सन्तानको सुख, सफलता र प्रगतिको कामना गरिरहेका हुन्छन् । कतिपय 'बा'सँगको सम्बन्ध साथीको जस्तै हुन्छ । कतिपयको सम्बन्ध बाहिरबाट त्यति देखिँदैन, तर सन्तानको जीवनको हरेक मोडमा 'बा'को उपस्थिति र प्रभाव हुन्छ। सन्तानले जुनसुकै काम गर्दा 'बा'को सम्झना जोडिन्छ । 'बा' एउटा यस्तो शब्द हो, जससँग सन्तानको भविष्य, भरोसा र सुरक्षाको भावना जोडिएको हुन्छ।

तर यस वर्षको कुशे औँसीमा भोटेकोशी बाढीले यही आत्मीय सम्बन्धमा ठूलो चोट पुर्याएको छ । बाढीले कतिपय 'बा'लाई छोराछोरीबाट टाढा बनाएको छ भने कतिपय छोराछोरी 'बा'बाट टाढिएका छन् । कतिका 'बा' हराए । ती छोराछोरी आफ्ना 'बा'को खोजीमा भौँतारिएका छन् । कतिका छोराछोरी हराए, ती 'बा'हरू छोराछोरीको खोजीमा भौँतारिएका छन् ।

भोटेकोशी बाढीको असर रसुवा, नुवाकोट हुँदै चितवनसम्मै परेको छ । चितवनमा बाढीको प्रत्यक्ष असर नपरे पनि भोटेकोशी र त्रिशूली नदीले माथिबाट बगाएर ल्याएका कयौँ शव यहाँ भेटिएका छन् । भोटेकोशी-त्रिशूली प्रभावित रसुवा, नुवाकोट र धादिङमा कयौँ मानिस बेपत्ता भएका छन् । यतिका दिन बितिसक्दा पनि सास र लास दुवै नभेटिँदा कतिपय आफन्तले शव नपाएरै अन्तिम संस्कारको विधि पूरा गरेका छन् भने कतिपय अझै आफ्ना आफन्त भेटिने आशामा छन् ।

शुक्रबार (हिजो) 'बा'को मुख हेर्ने दिन । भोटेकोशी-त्रिशूली किनारमा रोजगारीका क्रममा रहेका र बाढीपछि बेपत्ता भएका आफ्ना छोराहरू 'बा'को खोजीमा चितवन आएका छन् ।

बाढीले बगाएर ल्याएका शवमध्ये आफ्नो छोरा भेटिन्छ कि भन्ने आशामा चितवन आएका ती 'बा'हरूका लागि आजको दिन अरू दिनभन्दा फरक पक्कै छ । देशभर छोराछोरीले आफ्ना 'बा'को मुख हेर्दै गर्दा ती 'बा'हरू भने छोराको प्रतीक्षामा छन् । कतैबाट आज छोरा सम्पर्कमा आउला कि, 'बा' भनेर फोन गर्ला कि भन्ने आशा उहाँहरूको मनमा अझै बाँकी होला । तर यतिका दिन बितिसक्दा पनि छोराको कुनै खबर नआएपछि त्यो आशा कति कमजोर हुँदै गएको होला सहजै अनुमान गर्न सकिन्छ । तैपनि मनले छोरा जीवितै भेटिने आशा मारेको छैन । त्यसैले त आफ्नै छोराको अनुहार भेटिन्छ कि भन्ने आशामा ती 'बा' हरू चितवनका शव पहिचान केन्द्रसम्म आइपुगेका थिए । 'बा'को मुख हेर्ने दिनमा छोराको मुख हेर्न नपाएका यी 'बा'हरूको पीडा शब्दमा व्यक्त गर्न सहज छैन । उहाँहरूका लागि आज पर्वभन्दा ठूलो प्रश्न बनेको होला 'मेरो छोरा कहाँ छ ?' भोटेकोशीको बाढीले घर, सम्पत्ति र जीवनमात्र बगाएन, धेरै परिवारको पारिवारिक खुसीसमेत बगाएको छ ।

कसैको घरमा आज 'बा'को पूजा भइरहेको छ, कसैको घरमा 'बा' को तस्बिरअगाडि दीप प्रज्ज्वलन भइरहेको छ । तर केही 'बा'हरू भने आफ्ना हराएका छोराको तस्बिर अगाडि दियो बालेर, छोरा फर्केर आउला कि भन्ने आशामा कुरिरहेका पक्कै होलान् ।

'बा'को मुख हेर्ने दिन केवल एउटा धार्मिक तथा सांस्कृतिक पर्व होला, तर 'बा' र छोराछोरीको सम्बन्धमा कुनै जात, धर्म वा संस्कृतिले छेक्दैन । यो सम्बन्ध केवल माया र विश्वासमा मात्र होइन, एक अर्काप्रतिको आशा र शक्तिको भावनामा पनि अडिएको हुन्छ ।

भोटेकोशी बाढीपछि छोराको खोजीका लागि चितवन आएका केही 'बा'हरूको एउटै सपना थियो, 'मेरो छोरा भेटियोस् ।' केही कमाएर घर फर्किएपछि 'बा'लाई खुसी दिने सपना बोकेर गाउँ छोडेका ती छोराहरू फर्किएनन्, सम्पर्कमा आएनन् । उहाँहरूका सपना कहाँ हराए, कसैलाई थाहा छैन । बाढीले उहाँहरूलाई मात्र होइन, उहाँहरूसँग जोडिएका परिवारका धेरै सपना पनि बगाएर लग्यो ।

छोराको प्रतीक्षामा रहेका ती 'बा'हरूका सपना भने दिन बित्दै जाँदा तुहिँदै गए । आशा कमजोर हुँदै गयो । मनभरि पीडा, थकानले गलेका खुट्टा र काँपेको शरीर बोकेर चर्को घाममा समेत भोक-प्यासको प्रवाह नगरी उहाँहरू शव पहिचान केन्द्र आसपास टोलाइरहेका थिए । ती 'बा'हरूको एउटै पुकार थियो, "मेरो छोरो भेटिए हुन्थ्यो, कि त लासै पत्ता लागे पनि हुन्थ्यो ।"

टोलाउँदै गरेका ती 'बा'हरूको मुखबाट निरन्तर यही वाक्य दोहोरिइरहन्थ्यो । छोरा जीवितै भेटिए हुन्थ्यो भन्ने आशा त थियो नै, तर धेरै दिनसम्म कुनै खबर नआएपछि कम्तीमा आफ्नो छोराको अन्तिम अवस्था थाहा पाउन पाए हुन्थ्यो भन्ने पीडा पनि उनीहरूको मनमा गहिरिँदै गएको थियो ।

बाढीपछि चितवनमा धेरै शव बगाएर ल्याइएर भेटिएपछि अस्पतालमा स्थान अभाव भयो । त्यसपछि चितवन उद्योग सङ्घ परिसरमा शव पहिचान केन्द्र बनाइएको थियो । उद्योग सङ्घकै परिसरमा गत भदौ १३ गते भेटिनुभएका वीरगन्ज महानगर पालिका-२२ का अली मोहम्मद मियाँ आफ्ना २२ वर्षीय छोरा साबुदिन मन्सुरीको तस्बिर लिएर भरतपुरस्थित अस्पताल र शवगृहका ढोकाहरूमा भौँतारिइरहनुभएको थियो । रोजगारीको सिलसिलामा रसुवाको एक ग्यारेजमा मेकानिकको काम गर्न गएका साबुदिन भोटेकोशी र आसपासका क्षेत्रमा आएको भीषण बाढीपछि ग्यारेज साहु र अन्य पाँच जना साथीसँगै बेपत्ता भएको उहाँले बताउनुभयो । "छोराको खोजीमा छु, कसैले खबर पाइदिए प्रहरी चौकीमा भनिदिए हुन्थ्यो", भक्कानिँदै अली मोहम्मदले भन्नुभयो, "बाढीमा परेकाहरूको केही अत्तोपत्तो छैन ।" उहाँमा छोरा हराएको पीडा देखिन्थ्यो नै, आफ्नै भविष्यको सहारा गुमेको चिन्ताले उहाँलाई निकै सताएको थियो । उहाँले शवगृह र होल्डिङ सेन्टरका सबै ठाउँमा हेर्दा पनि छोराको पत्तो लगाउन सक्नुभएको थिएन ।

"खबर गरिदिनु ल..." भन्दाभन्दै उहाँको बोली रोकियो । आँसु खसाल्दै उहाँले भन्नुभयो, "मेरो छोरा यी शवहरूमा छैन, कतै भेटिए खबर गरिदिनुहोला ।" उहाँले त्यसै भन्नुभएको थियो । आशा छ, उहाँको छोरा भेटिएको होस् ।

यो सास्ती र पीडा अली मोहम्मदको मात्र थिएन । बाढी र पहिरोका कारण देशका विभिन्न स्थानबाट काम तथा भ्रमणका क्रममा पुगेर बेपत्ता भएका नागरिकका आफन्तहरू चितवनको भरतपुरमा शव पहिचानका लागि भौँतारिइरहेका थिए । सप्तरीको खडक नगरपालिकाका भोला पासवान र डाक्नेश्वरी नगर पालिकाका अक्षयकुमार पासवान आफ्ना छोराहरू क्रमशः अखिलेश र निसितको खोजीमा यतिबेला भरतपुरमा भौँतारिइरहनु भएको थियो । काम गर्न रसुवा पुगेका उहाँहरूका छोराहरूको त्यति बेलासम्म कुनै खबर थिएन । शोकमा परेका यी बाबुहरूलाई आफ्ना छोराहरू जीवितै भेटिएलान् भन्ने झिनो आशा त थियो, तर मनलाई सम्हाल्न नसकेर शव नै भए पनि फेला पर्छ कि भनेर यहाँसम्म आउनुभएको थियो । भोलाले पीडा पोख्दै भन्नुभयो, "सप्तरीबाट चितवनसम्म आइपुगेँ, तर केही अत्तोपत्तो छैन । कहाँ जाउँ, के गरूँ ? भित्र छिर्छु, बाहिर राखेको तस्बिर हेर्छु, तर छोराको केही पत्तो पाउन सकेको छैन ।" अक्षयको पनि उस्तै हाल थियो । त्यसैगरी, शवहरूको पहिचान गर्न उद्योग सङ्घकै परिसरमा आफन्तको डिएनए परीक्षण सुरु गरिएको थियो । भदौ १७ गते सोही परिसरमा भेटिनु भएका बारा कलैयाका भगवान शर्मा भोटेकोशीको बाढीपछि छोरा हराएपछि सम्भावित स्थानहरूमा खोजी गर्दै भौँतारिनुभयो । छोराको कुनै पत्तो नपाएपछि डिएनए परीक्षण गराएमा पहिचान हुनसक्छ भन्ने थाहा पाएर उहाँ नागरिकताको फोटोकपी र आफ्नो फोटोसहित चितवन आइपुग्नुभएको थियो । डिएनए नमूना दिए पनि उहाँको मन अझै ढुक्क हुनसकेको थिएन । यदि शव नै रहेछ भने पनि पहिचान त होला भनेर उहाँले डिएनए नमूना त दिनुभयो, तर उहाँको मनमा अझै पनि छोरा जीवितै भेटिने आशा बाँकी नै थियो ।

त्यस्तै, बर्दियाका रामबहादुर थारू पनि हराइरहेका छोराको खोजीमा ११ गतेदेखि नै चितवनमा आउनुभएको थियो । आफ्ना छोरासहित १६ जना साथीहरू बाढीमा हराएको बताउने थारूले धेरै शवहरू हेरे पनि छोरालाई भेट्टाउन सक्नुभएन । "सासको आस मरे पनि लास भए पनि भेटिन्छ कि भनेर डिएनए म्याचिङका लागि रगत दिएको हुँ", उहाँले आफ्नो पीडा पोख्नुभयो । थारूलाई अझै पनि छोराहरू हराएकै स्थानमा पुगेर खोज्ने इच्छा थियो । बर्दियाका रामबहादुरजस्तै हराएका छोराको खोजीमा रहेका हजारौँ बाबुहरूका आज सन्तान हराएका छन् । न लास भेटिएको छ, न सास, न आशा मरेको छ । आफ्नो परम्पराअनुसार अन्तिम संस्कार पनि कतिपयले गरिसकेका होलान्, तर केही अत्तोपत्तो नहुँदा यी बाबुहरूले आफूलाई 'बा' भन्दै छोराले बोलाउने आशा मारेका पक्कै छैनन् । आशा गरौँ, हराएका यी छोराहरू पनि कुशे औँसी अर्थात् 'बा'को मुख हेर्ने दिन आफ्ना बाबुका सामुन्ने आइपुगून् ।


### साक्षर समाज-सक्षम राष्ट्र

**अक्षर चिन्न सक्ने हातले मात्रै आफ्नो अधिकार चिन्न सक्छ, शिक्षित नागरिकले मात्रै समाज परिवर्तन गर्न सक्छ, साक्षरता भनेको केवल पढ्न लेख्न जान्नु मात्र होइन, यो आत्मविश्वास, रोजगारी, स्वास्थ्य र स्वतन्त्रताको ढोका हो ।**

**शिक्षाः**

- **आत्मनिर्भर बन्नका लागि,**
- **रोजगारी र अवसरको लागि,**
- **लैंगिक, जातीय र क्षेत्रीय समानताका लागि,**
- **धार्मिक सहिष्णुता र सम्मानको लागि,**
- **अधिकार र कर्तव्य बोधका लागि, स्वास्थ्य सम्बन्धी सचेतनाका लागि,**
- **आर्थिक सशक्तिकरणका लागि,**
- **सामाजिक विकास र समृद्ध राष्ट्रको लागि ।**

नेपाल सरकार,
विज्ञापन बोर्ड

## विपीका आख्यानमाथि चर्चा

काठमाडौँ । नेपाली साहित्यका सशक्त आख्यानकार विश्वेश्वरप्रसाद कोइरालाको १११औँ जन्मजयन्तीका अवसरमा साहित्य सदन नेपालले बिहीबार 'आख्यानमा विश्वेश्वर प्रसाद कोइराला' विषयक सङ्गोष्ठी आयोजना गर्यो ।

सङ्गोष्ठीमा प्रा डा लक्ष्मण प्रसाद गौतमले 'विश्वेश्वरप्रसाद कोइरालाका आख्यानमा इतरजातीय नारीपुरुष सम्बन्ध', प्रा डा नारायणप्रसाद चालिसेले 'विश्वेश्वर प्रसाद कोइरालाका आख्यानको प्रगतिशील वैचारिक समाजदर्शन' र डा अनुपमा रेग्मीले 'विश्वेश्वर प्रसाद कोइराला कथामा प्रयुक्त दिक्काल' विषयमा गोष्ठीपत्र प्रस्तुत गर्नुभयो ।

गोष्ठीपत्र प्रस्तुतकर्ताले नेपाली साहित्यको आख्यान क्षेत्रमा कोइरालाको विशिष्ट एवं बहु-आयामिक योगदान रहेको चर्चा गर्दै उहाँका रचनामाथि नयाँ दृष्टिकोण बाट विश्लेषण प्रस्तुत गर्नुभयो । कार्यक्रममा पूरक प्रस्तोताका रूपमा प्रा डा रमेशप्रसाद भट्टराई, प्रा डा ज्ञानु पाण्डे र प्रा डा गोपीन्द्र पौडेलले कोइराला नेपाली आख्यान क्षेत्रका धरोहर भएको उल्लेख गर्दै प्रस्तुत गोष्ठीपत्रमाथि टिप्पणी तथा सुझाव दिनुभएको थियो ।

वरिष्ठ साहित्यकार डा विष्णुविभू घिमिरे, प्रा डा जीवेन्द्र गिरी, प्रा हेमचन्द्र नेपाल, प्रा पुरुषोत्तम दाहाल, प्रा डा रामप्रसाद ज्ञवाली, प्रा डा जगदीशचन्द्र भण्डारीलगायतले विमर्श गर्नुभएको थियो । वरिष्ठ साहित्यकार डा तुलसीप्रसाद भट्टराईले कोइरालाको राजनीतिक तथा साहित्यिक योगदानमाथि प्रकाश पार्दै आख्यान मा केन्द्रित सङ्गोष्ठी वर्तमान सन्दर्भमा महत्वपूर्ण रहेको बताउनुभयो ।

काठमाडौँ महानगरपालिका -६ का वडाध्यक्ष भुवन लामाले कोइरालाको लोकतन्त्र प्रतिको योगदानबारे चर्चा गर्दै साहित्य सदनलाई आफ्नो साथ र सहयोग निरन्तर रहने बताउनुभयो । सदनका अध्यक्ष प्रा डा हेमनाथ पौडेलले कोइरालाको नेपाली राजनीति र साहित्य दुवै क्षेत्रमा योगदान रहेको बताउनुभयो ।

## राहत कोषमा रकम जम्मा हुने क्रम जारी

काठमाडौँ । यही भदौ १० गते रसुवाको भोटेकोशीमा आएका बाढीका कारण प्रभावित भएका नागरिकको खोज, उद्धार, राहत तथा पुनःस्थापनाका लागि सहयोग रकम सङ्कलन भइरहेको छ । विभिन्न राष्ट्रिय तथा अन्तरराष्ट्रिय निकाय, सङ्घसंस्था, जनप्रतिनिधि, कर्मचारी, व्यवसायी, स्थानीयलगायतले रकम सङ्कलन गरी प्रधानमन्त्री राहत कोषमा जम्मा गरिरहेका छन् ।

**मनहरी गाउँपालिकाद्वारा रु ४१ लाख ८७ हजार सहयोग**

मकवानपुरको मनहरी गाउँपालिकाले रसुवाको भोटेकोशी नदीमा आएको बाढीबाट प्रभावित नागरिकको उद्धार, राहत, पुनःर्स्थापना तथा पुनर्निर्माणका लागि प्रधानमन्त्री राहत कोषमा रु ४१ लाख ८७ हजार २६३ जम्मा गरेको छ । बाढीबाट प्रभावित क्षेत्रमा सहयोग पुर्याउने उद्देश्यले गाउँपालिकाको विपद् व्यवस्थापन कोष, जनप्रतिनिधि, कर्मचारी, शिक्षक, विद्यालय सहजकर्ता तथा स्थानीय सामुदायिक वन उपभोक्ता समितिबाट उक्त रकम सङ्कलन गरिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत लक्ष्मीप्रसाद उपाध्यायले जानकारी दिनुभयो ।

उहाँका अनुसार गाउँपालिकाको विपद् व्यवस्थापन कोषबाट रु १० लाख, शिक्षकहरूबाट रु १५ लाख ३२ हजार १२९, कर्मचारीहरूबाट रु नौ लाख ४२ हजार ७०३ र जनप्रतिनिधिबाट रु छ लाख १३ हजार ३०५ सङ्कलन गरिएको हो ।

त्यसैगरी मनकामना सामुदायिक वन उपभोक्ता समिति, मनहरीबाट रु ५१ हजार तथा विद्यालय सहजकर्ता र कर्मचारीबाट रु ४८ हजार १२६ सङ्कलन गरिएको प्रमुख प्रशासकीय अधिकृत उपाध्यायले बताउनुभयो । गाउँपालिका अध्यक्ष रञ्जन कालाखेतीका अनुसार सङ्घीय सरकारले बाढी प्रभावित क्षेत्रको राहत तथा पुनर्निर्माणका लागि सहयोग गर्न गरेको आह्वान अनुसार संस्थागत तथा व्यक्तिगत रूपमा रकम सङ्कलन गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गतको राहत कोषमा जम्मा गरिएको हो ।

**कांग्रेस सुदूरपश्चिम संसदीय दलद्वारा तीन लाख ६१ हजार सहयोग**

नेपाली कांग्रेस सुदूरपश्चिम प्रदेश संसदीय दलले रसुवाको भोटेकोशी क्षेत्रमा आएको बाढीबाट प्रभावितका लागि आर्थिक सहायता रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरेको छ । संसदीय दलले आज रु तीन लाख ६१ हजार ६६७ रकम कोषमा जम्मा गरेको हो । संसदीय दलका नेता कमल बहादुर शाहले आफ्नो एक महिनाको पारिश्रमिक बराबरको रकम सहयोग गर्नुभएको छ । त्यस्तै, संसदीय दलका अन्य प्रदेशसभा सदस्यहरूले १० दिनको पारिश्रमिक बराबरको रकम सहयोगस्वरूप उपलब्ध गराउनुभयो ।

यसैबीच, शुक्रबार संसदीय दलका नेता शाहको अध्यक्षतामा बसेको नेपाली कांग्रेस सुदूरपश्चिम प्रदेश संसदीय दलको बैठकले भोटेकोशी क्षेत्रमा आएको बाढीबाट ज्यान गुमाउनेप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गरेको छ ।

बैठकले बाढी तथा विपद्का कारण प्रभावित परिवारप्रति गहिरो दुःख तथा समवेदना प्रकट गर्दै पीडितको राहत, उद्धार तथा पुनःस्थापनाका कार्यक्रमलाई थप प्रभावकारी रूपमा निरन्तरता दिन सम्बन्धित निकाय तथा सबै पक्षलाई आग्रह गरेको छ ।

## भोटेकोशी बाढी प्रभावितका लागि दूरसञ्चार प्राधिकरणद्वारा १५ करोड सहयोग

काठमाडौँ । रसुवास्थित भोटेकोशी नदीमा आएको बाढीबाट प्रभावित नागरिकको राहत, उद्धार तथा पुनःस्थापनाका लागि नेपाल दूरसञ्चार प्राधिकरणले संस्थागत रूपमा रु १५ करोड सहयोग गरेको छ ।

प्राधिकरणले उक्त रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गर्ने निर्णयअनुसार शुक्रबार (हिजो) अर्थमन्त्रालयमा आयोजित एक कार्यक्रममा चेक हस्तान्तरण गरेको हो । सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सिनाको उपस्थितिमा प्राधिकरणका अध्यक्ष अर्जुन घिमिरेले रु १५ करोडको चेक अर्थमन्त्री डा स्वर्णिम वाग्लेलाई हस्तान्तरण गर्नुभयो ।

भोटेकोशी नदीमा आएको बाढीबाट रसुवासहित आसपासका क्षेत्रमा जनधन तथा भौतिक पूर्वाधारमा ठूलो क्षति पुगेपछि प्रभावित नागरिकको उद्धार, राहत वितरण तथा पुनःस्थापनाका लागि सरकार तथा विभिन्न निकायबाट सहयोग जुटाउने क्रम जारी छ । सोही क्रममा प्राधिकरणले विपद् व्यवस्थापनमा संस्थागत योगदान गर्ने निर्णय गरेको हो ।

प्राधिकरणका अनुसार विपद्को यस कठिन घडीमा बाढीबाट प्रभावित नागरिकलाई तत्काल राहत उपलब्ध गराउनुका साथै प्रभावित क्षेत्रको पुनःस्थापना र विपद् व्यवस्थापनमा सहयोग पुर्याउने उद्देश्यले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा सो रकम जम्मा गर्ने निर्णय गरिएको हो ।

प्राधिकरणले दूरसञ्चार सेवा प्रदायकहरूलाई समेत बाढीबाट उत्पन्न विपद् व्यवस्थापनका लागि आफ्नो तर्फबाट यथाशक्य सहयोग गर्न आग्रह गरेको छ ।

प्राधिकरणका प्रवक्ता मीनप्रसाद अर्यालका अनुसार संस्थागत सहयोगसँगै प्राधिकरणका कर्मचारी तथा पदाधिकारीबाट समेत आर्थिक योगदान गर्ने निर्णय भएको छ । विपद्बाट प्रभावित नागरिकको राहत तथा आवश्यक सहयोगका लागि कर्मचारीको तलब र पदाधिकारीको पारिश्रमिक तथा बैठक भत्ताबाट रकम योगदान गर्ने निर्णय गरिएको उहाँले जानकारी दिनुभयो । निर्णयअनुसार अधिकृत प्रथम श्रेणीका कर्मचारीले आफ्नो सुरु तलब स्केलको आठ दिनबराबरको रकम योगदान गर्नेछन् । त्यसैगरी अधिकृत द्वितीय श्रेणीका कर्मचारीले छ दिन र अधिकृत तृतीय श्रेणीका कर्मचारीले चार दिन बराबरको तलब योगदान गर्ने निर्णय गरिएको छ । सहायकस्तरका कर्मचारीबाट दुई दिनबराबरको तलब तथा श्रेणीविहीन कर्मचारीबाट एक दिनबराबरको तलब योगदान गरिनेछ ।

त्यस्तै, प्राधिकरणका अध्यक्षले आफ्नो १० दिन बराबरको तलब र दुई बोर्ड बैठक भत्ता योगदान गर्ने निर्णय भएको छ । प्राधिकरणका बोर्ड सदस्यहरूले समेत दुई दिनको बोर्ड बैठक भत्ता बराबरको रकम विपद् प्रभावितका लागि योगदान गर्ने निर्णय गरिएको छ ।

भोटेकोशी बाढीका कारण प्रभावित नागरिकको उद्धार तथा राहतका लागि सरकार, सुरक्षा निकाय, स्थानीय तह, निजी क्षेत्र तथा विभिन्न संघसंस्थाले आ-आफ्नो क्षेत्रबाट सहयोग गरिरहेका छन् । दूरसञ्चार क्षेत्रसमेत विपद्का समयमा सञ्चार सम्पर्कलाई निरन्तरता दिनुपर्ने महत्त्वपूर्ण क्षेत्र भएकाले प्राधिकरणले सेवा प्रदायकलाई प्रभावित क्षेत्रमा सेवा सञ्चालन तथा विपद् व्यवस्थापनमा आवश्यक सहयोग गर्न आग्रह गरेको छ । प्राधिकरणले विपद्का समयमा सञ्चार सेवा अवरुद्ध हुन नदिन तथा प्रभावित क्षेत्रमा दूरसञ्चार पूर्वाधारको पुनःस्थापना र सेवा सञ्चालनलाई प्राथमिकतामा राख्दै आएको जनाएको छ ।

## बाढीले थुपारेको भग्नावशेष हटाउन ९५ अर्ब ४२ करोड लाग्ने



काठमाडौँ । भोटेकोशी बाढीले थुपारेको ढुङ्गा, माटो, बालुवा र भवनका भग्नावशेष हटाउनका लागि मात्रै रु ९५ अर्ब ४२ करोड खर्च लाग्ने अनुमान गरिएको छ ।

राष्ट्रिय योजना आयोग र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले तयार पारेको 'द्रुत क्षति र आवश्यक मूल्याङ्कन (आरडिएनए) प्रतिवेदन'मा तत्काल र दीर्घकालीन पुनःस्थापनाका लागि उक्त खर्च लाग्ने अनुमान रहेको उल्लेख छ ।

प्रतिवेदनमा 'क्रस कटिङ' क्षेत्रअन्तर्गत भत्किएका भवनका संरचना हटाउन, विपद् जोखिम न्यूनीकरण र समावेशी पुनःस्थापनाका लागि उक्त रकम खर्च हुने आकलन छ । बाढीका कारण रु ४८ अर्ब २४ करोडबराबरको भत्किएका भवनका संरचना थुप्रिएको छ । त्यसमा करिब दुई अर्बको माटोको थुप्रो छ । यो हटाउनका लागि मात्रै रु ३० करोडभन्दा बढी खर्च लाग्ने अनुमान छ ।

त्यसैगरी, विपद् जोखिम न्यूनीकरणका लागि तत्कालै रु ३५ करोड र दीर्घकालका लागि रु ९४ करोड ४० लाख गरी रु ९४ करोड ७५ लाख बराबर खर्च हुने अनुमान छ । त्यसमा जलमार्गमा रहेको र सो भग्नावशेष हटाउने, नदी व्यवस्थापन तथा बस्ती संरक्षण, कमाण्ड क्षेत्र विकास, उच्च नदी किनाराको कटान तथा पहिरो नियन्त्रण, सिँचाइ प्रणाली पुनःस्थापना तथा बहुविपद् पूर्वसूचना प्रणालीलगायतको विकासका लागि उक्त खर्च लाग्ने देखिएको हो ।

प्रतिवेदनले समावेशी पुनःस्थापनाका लागि तत्काल अर्थात् छ महिनाका लागि रु १५ करोड आवश्यक रहेको देखाएको छ । यो रकम असुरक्षित र सीमान्तकृत समुदाय, महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अन्य जोखिममा रहेका समूहको आवश्यकता समेटेर पुनःस्थापना तथा पुनर्निर्माणमा खर्च गरिनेछ । प्रतिवेदनले भवनको भग्नावशेष, ढुङ्गा, माटो, बालुवा हटाउने काम छ महिनाभित्र ३१.१ प्रतिशत पूरा गर्न सकिने उल्लेख गरेको छ । साथै जोखिम न्यूनीकरण व्यवस्थापनअन्तर्गत ०.४ प्रतिशत काममात्रै गर्न सकिने प्रतिवेदनको ठहर छ । समावेशी पुनःस्थापना र पुनर्निर्माण भने सो समयभित्र सम्पन्न गर्न सकिने सम्भावना छ ।

तत्कालको पुनरुत्थानका लागि पूर्वाधार क्षेत्रमा रु ६७ अर्ब ४२ करोड खर्च हुनेछ । जसमा ऊर्जा क्षेत्रमा जलविद्युत् र ग्रीड, घरायसी नवीकरणीय ऊर्जा, सडक, पुल, सञ्चार, सफाइ तथा खानेपानी, सिँचाइ र नदीसँग सम्बन्धित काम हुनेछन् । सामाजिक क्षेत्रको पुनरुत्थानका लागि तत्काल रु आठ अर्ब २९ करोड लाग्ने अनुमान गरिएको छ । यसमा निजी घर, सार्वजनिक भवन र सुविधा, शिक्षा, स्वास्थ्य र सांस्कृतिक क्षेत्रमा खर्च हुनेछ ।

उत्पादन क्षेत्रको तत्काल पुनरुत्थानका लागि रु पाँच अर्ब लाग्ने अनुमान छ । यो रकम कृषि, माछापालन, पशुपालन, बैंकिङ, आर्थिक गतिविधि र जीवनयापनमा खर्च गरिनेछ ।

भग्नावशेष हटाउन र विपद् जोखिम न्यूनीकरणका लागि तत्काल अर्थात् छ महिनाका लागि रु छ अर्ब ६० करोड लाग्ने आकलन छ ।

## बाढी प्रभावित पहाडका जनतालाई मधेसले गरेको सहयोग सराहनीय छ : दाहाल

जनकपुरधाम । नेपाली कम्युनिष्ट पार्टी (नेकपा)का संयोजक तथा पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले भोटेकोशी बाढीबाट प्रभावित पहाडी क्षेत्रका नागरिकका लागि मधेसका जनताले राहत तथा सहयोग पठाएर सराहनीय काम गरेको बताउनुभएको छ ।

सिरहा र महोत्तरीमा पार्टीका कार्यक्रममा सहभागी भएर काठमाडौँ फर्किने क्रममा शुक्रबार साँझ जनकपुरधाम विमानस्थलमा सञ्चारकर्मीसँग कुराकानी गर्दै संयोजक दाहालले विपद्का बेला मधेस र पहाडबीच देखिएको सहयोग, सद्भाव र एकता प्रशंसनीय रहेको बताउनुभयो । "अहिले पहाडका जनतालाई मधेसका जनताको साथ र सहयोग चाहिएको छ, त्यसका लागि मधेसका जनताले खुला हृदयले सहयोग गरिरहनुभएको छ", उहाँले भन्नुभयो, "पहाडमा पीडा हुँदा मधेसले सहयोग गर्ने र मधेसमा पीडा हुँदा पहाडले सहयोग गर्ने हाम्रो परम्परा सकारात्मक छ ।" उहाँले भोटेकोशी बाढीबाट प्रभावित नागरिकका लागि मधेसबाट पठाइएको राहत तथा सहयोगले राष्ट्रिय एकता र सामाजिक सद्भावलाई थप बलियो बनाउने विश्वास व्यक्त गर्नुभयो ।

पछिल्लो समय नेपालमा जलवायु परिवर्तनको प्रभाव तीव्ररूपमा देखिन थालेको उल्लेख गर्दै संयोजक दाहालले भोटेकोशीमा आएको बाढीको कारण र त्यसबाट भएको क्षतिको वैज्ञानिक अध्ययन आवश्यक रहेको बताउनुभयो । उहाँले जलवायु परिवर्तनकै कारण नेपालमा यस्ता ठूला विपद् बढिरहेको दाबी गर्नुभयो ।

"हामीले केही वर्षदेखि जलवायु परिवर्तनको असर कस्तो परिरहेको छ भन्ने विषय उठाउँदै आएका छौँ", उहाँले भन्नुभयो, "ठूला मुलुकहरूले अत्यधिक कार्बन उत्सर्जन गरेका कारण नेपालजस्ता साना मुलुकहरूले त्यसको प्रत्यक्ष असर भोगिरहेका छन् । यस विषयलाई अन्तर्राष्ट्रिय मञ्चमा प्रभावकारी रूपमा उठाउनुपर्छ ।"

भोटेकोशी नदीमा बाढी गएपछि सुरुङभित्र फसेका सबै नागरिकको खोज तथा उद्धारमा सरकारले अपेक्षित गति दिन नसकेको उहाँले टिप्पणी गर्नुभयो । बाढी आएको तत्कालीन समयमा अन्तर्राष्ट्रिय समुदाय, सम्बन्धित क्षेत्रका विज्ञ तथा उद्धार टोलीको सहयोग लिएर आधुनिक प्रविधिको प्रयोग गर्न सके सुरुङभित्र फसेका नागरिकको खोज तथा उद्धारलाई प्रभावकारी बनाउन सकिने उहाँको भनाइ थियो ।

बाढीका कारण "सुरुङभित्र फसेका व्यक्तिको अवस्था पत्ता लगाउन अत्याधुनिक प्रविधि र दक्ष जनशक्तिको प्रयोग गरेर तत्काल खोजी तथा उद्धार गर्न सके धेरैको ज्यान जोगाउन सकिने अवस्था थियो", उहाँले भन्नुभयो, "तर



सरकारले त्यसतर्फ पर्याप्त पहल गर्न सकेन ।" उहाँले विपद् व्यवस्थापनका लागि सरकारसँग पर्याप्त पूर्वतयारी, दक्ष जनशक्ति, अत्याधुनिक उपकरण र अन्तराष्ट्रियस्तरको उद्धार क्षमता विकास गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो । यसअघि सिरहा र महोत्तरीमा आयोजित पार्टीका विभिन्न कार्यक्रममा सहभागी हुनुभएका संयोजक दाहाललाई मधेस प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले जनकपुरधाम विमानस्थलमा स्वागत गर्नुभएको थियो ।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक

# भोटेकोशी बाढीबाट पाठ सिकेर जलविद्युत् पूर्वाधार निर्माण गर्नुपर्नेमा जोड

काठमाडौँ । स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल (इप्पान)ले जलवायु परिवर्तनका कारण बढ्दै गएको विपद्को जोखिमलाई ध्यानमा राखेर मात्र जलविद्युत् तथा ऊर्जा पूर्वाधार निर्माणमा आवश्यक सुरक्षा र पूर्वतयारीलाई प्राथमिकता दिनुपर्नेमा जोड दिएको छ ।

इप्पानद्वारा शुक्रबार ललितपुर मा आयोजित 'परिवर्तन शील जलवायुमा जलवायु प्रतिरोधी पूर्वाधार निर्माण र भोटेकोशी महाप्रलयबाट सिकेका पाठहरू' विषयक प्राइभेट फोरममा वक्ताहरूले जलवायु परिवर्तनका कारण उत्पन्न विपदले जलविद्युतगृह तथा आयोजनामा ठूलो क्षति पुर्याउन सक्ने भएकाले पूर्वतयारी, जोखिम न्यूनीकरण र सुरक्षित पूर्वाधार निर्माणमा विशेष ध्यान दिनुपर्ने बताएका हुन् ।

कार्यक्रममा पूर्व ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री कुलमान घिसिङले भोटेकोशी बाढीको विपदले ऊर्जा क्षेत्रमा रसुवाका माथिल्लो त्रिशूली-१ लगायत विभिन्न आयोजनामा ठूलो क्षति पुगेको उल्लेख गर्दै प्रभावित आयोजनाका संरचनामा फसेका व्यक्तिको शीघ्र उद्धारका लागि सरकारसँग आग्रह गर्नुभयो।

कार्यक्रममा इप्पानका वरिष्ठ उपाध्यक्ष उत्तम ब्लोन र सचिव विजयमोहन भट्टराईको समन्वयमा बाढीबाट प्रभावित कम्पनीहरूसँग इप्पानले सहयोग र सहकार्य गरिरहेको जानकारी दिइएको थियो।भोटेकोशीमा बाढी आएपछि इप्पानको कार्यसमितिको बैठकले विपदको समयमा सहकार्य गर्न सदस्य कम्पनीलाई आह्वान गरेको र विभिन्न कम्पनीबाट रु १३ करोड सङ्कलन गरी प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरिएको कार्यक्रममा जानकारी दिइयो। सहयोग गर्ने कम्पनीलाई इप्पानले धन्यवादसमेत व्यक्त गरेको छ । इप्पानका अध्यक्ष मोहनकुमार डांगीले प्रभावित १३ वटा आयोजनाका सम्बन्धमा छलफल गर्न आगामी आइतबार संयुक्त बैठक बोलाएको र बैठकबाट प्रभावित आयोजनाको पुन: सञ्चालन तथा पुनर्निर्माणका लागि नेपाल सरकारबाट आवश्यक सहयोग पहिचान गरी मागपत्र तयार गरिने र उक्त मागपत्र ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्रीमार्फत सरकारसमक्ष पेश गरिने जानकारी दिनुभयो । नेपालले आगामी १० वर्षमा ३० हजार मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य पूरा गर्न सक्ने आधार रहेको बताउँदै विद्युत् खपत बढाउने तथा निर्यात विस्तार गर्ने नीति आवश्यक रहेकोमा उहाको जोड छ ।

उहाँका अनुसार नेपालमा विद्युत् खपत १५ हजार मेगावाट पुर्याउने लक्ष्यका साथै भारतमा १० हजार मेगावाट र बङ्गलादेशमा पाँच हजार मेगावाट विद्युत् निर्यात गर्न सके मुलुकको अर्थतन्त्रमा महत्वपूर्ण योगदान पुग्ने छ । गत वर्ष विद्युत् निर्यातबाट रु २९ अर्ब ३१ करोड आम्दानी भएको तथ्यसमेत प्रस्तुत गरिएको थियो । कार्यक्रममा त्रिभुवन विश्वविद्यालय, दैवीप्रकोप अध्ययन केन्द्रका निर्देशक डा. बसन्तराज अधिकारीले जलवायु परिवर्तन र जलवायु प्रतिरोधी पूर्वाधार निर्माणका विषयमा प्रस्तुति दिनुभएको थियो ।

# बन्द भएको ३५ वर्षपछि ललितपुर महानगरले सञ्चालनमा ल्यायो शारदा पुस्तकालय

ललितपुर । ललितपुर महानगर पालिकाले विसं २०४६ पछि बन्द भएको ऐतिहासिक शारदा पुस्तकालय सञ्चालनमा ल्याएको छ ।

विसं २०४६ मा भएको जनआन्दोलन अघिसम्म मङ्गल बजारस्थित तत्कालीन ललितपुर नगर पञ्चायतको भवनमा सञ्चालनमा रहेको शारदा पुस्तकालय त्यसयता बेखबर बनेको थियो । बन्द भएको शारदा पुस्तकालयलाई ललितपुर महानगर पालिकाले आफ्नै कार्यालय भवनमा शुक्रबारदेखि पुन:सञ्चालनमा ल्याएको हो । उक्त पुस्तकालयको उद्घाटन गर्दै संस्कृति शिरोमणि हरिराम जोशीले ओझेलमा परेको र मृत भैसकेको पुस्तकालय सञ्चालनमा आउनु महत्वपूर्ण भएको भन्दै यसले ज्ञानको प्रचारप्रसारमा ठूलो योगदान पुर्याउने विश्वास व्यक्त गर्नुभयो ।

"पुस्तकालयको इतिहास ८०० वर्षभन्दा लामो छ, शारदा पुस्तकालयलाई जीवन्त बनाउने कार्यमा प्रवुद्ध व्यक्तित्वहरू लाग्नुहुनेछ भन्ने विश्वास छ", संस्कृतिविद् जोशीले भन्नुभयो । यसअघि कालकोठरीमा रहेको बताउँदै संस्कृत शिरोमणि जोशीले महानगरले पुस्तकालयलाई उच्च स्थान दिएकोमा महानगरलाई धन्यवाद दिनुभयो ।

ललितपुर महानगर प्रमुख चिरीबाबु महर्जनले सहरी पुस्तकाल र 'सिटी हल' अपरिहार्य हुने भन्दै महानगरले पठन संस्कृतिलाई जगेर्ना गर्न पुस्तकालयलाई प्राथमिकता दिएको बताउनुभयो । उहाँले पुन:स्थापित शारदा पुस्तकालय सञ्चालनको सम्बन्धमा महानगर संवेदनशील लाग्ने जानकारी गराउँदै पुस्तकालयका लागि पुस्तक उपलब्ध गराउने लेखक तथा प्रकाशक मिरसुब्बा नारायणप्रसाद श्रेष्ठ र शताब्दी पुरुष सत्यमोहन जोशीका छोरा अनुराग जोशीलाई धन्यवाद दिनुभयो ।

स्व सत्यमोहन जोशीले शारदा पुस्तकालय पुन:स्थापित गर्न आफूलाई पटकपटक प्रेरित गरेको स्मरण गर्दै महानगर प्रमुख महर्जनले २०४६ सालको जन आन्दोलनको बेलामा मासिएको पुस्तकालय संरक्षण गरेर नयाँ पुस्ताका लागि हस्तान्तरणलाई जोड दिएको बताउनुभयो । उपप्रमुख मञ्जली शाक्य बज्राचार्यले पठन संस्कृतिको महत्व बुझाउन ललितपुर महानगरले शारदा पुस्तकालयलाई पुन र: स्थापित गरेको जानकारी गराउँदै पुस्तकालय को पुन:स्थापना गर्ने कार्य सजिलो नभएको र यसका लागि सहयोग गर्ने सबैलाई धन्यवाद दिनुभयो ।

उहाँले पुस्तक ज्ञानको प्रारम्भिक स्रोत भएको बताउँदै पुस्तकालयको महत्त्वलाई बुझाउन अत्यावश्यक भएको प्रष्ट पार्नुभयो । लेखक तथा प्रकाशक मीरसुब्बा नारायणप्रसाद श्रेष्ठले विश्वप्रसिद्ध कलाकार अरनिको जन्माउने ललितपुर विश्वकै उत्कृष्ट सहर भएको धारणा राख्नुभयो । शारदा पुस्तकालयको पुन:स्थापना गरेर महानगरले आफ्नो गरिमा बढाएको बताउनुभयो ।

त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालयका प्रमुख सागरराज सुवेदी, नेपाल राष्ट्रिय पुस्तकालय, मदन पुस्तकालय लाई पुस्तकालय पुन: स्थापना गर्नका लागि गरेको सहयोगप्रति नगर प्रमुखले आभार प्रकट गर्नुभयो ।

# बजेट निर्माण प्रक्रिया तत्काल अगाडि बढाउने निर्णय

सुदूरपश्चिम । सुदूरपश्चिम प्रदेशसभामा प्रतिनिधित्व गर्ने दलहरूको बैठकले बजेट निर्माण प्रक्रिया तत्काल अघि बढाउने निर्णय गरेको छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा शुक्रबार बसेको सर्वदलीय बैठकले बजेट शून्यताको अवस्थालाई लम्ब्याउन नहुने निष्कर्षसहित बजेट निर्माण प्रक्रियालाई शीघ्र अगाडि बढाउने निर्णय गरेको हो ।

मुख्यमन्त्री खगराज भट्टको समन्वयमा बसेको बैठकले बजेट शून्यताको अवस्था लम्बिँदा प्रदेश सरकारका नियमित कामकाज तथा विकास निर्माणका गतिविधिमा असर परिरहेको भन्दै सबै राजनीतिक असहमति त्यागेर बजेट, नीति तथा कार्यक्रम तत्काल बनाएर अगाडि बढ्ने निर्णय भएको मुख्यमन्त्रीको सचिवालयले जनाएको छ ।

सर्वदलीय सहमतिसँगै अब प्रदेश सरकारलाई बजेट निर्माण तथा आवश्यक कानुनी प्रक्रिया अघि बढाउन थप सहज हुने विश्वास गरिएको छ । बैठकमा कांग्रेस प्रदेशसभा संसदीय दलका नेता एवं निवर्तमान मुख्यमन्त्री कमलबहादुर शाहले प्रदेशको विकास, सुशासन र जनताको हितका सवालमा सबै पक्ष जिम्मेवार हुनुपर्नेमा जोड दिनुभएको थियो । उहाँले प्रदेश र जनताको हितलाई सर्वोपरी राख्दै संवाद, सहमति र सहकार्यका माध्यमबाट वर्तमान समस्याको समाधान खोज्नु पर्ने र त्यसमा कांग्रेसको साथ रहने स्पष्ट पार्नुभयो । नेता शाहले प्रदेशमा देखिएको बजेट शून्यताको अवस्था तत्काल अन्त्य गर्न सरकारलाई आग्रह गर्नुभयो । त्यसका लागि सत्तापक्ष र प्रतिपक्ष एकैठाउँमा उभिएर संवैधानिक तथा कानुनी प्रक्रिया अनुसार बजेट निर्माण र कार्या न्वयनको बाटो खोल्नुपर्नेमा उहाँको जोड थियो । सुदूरपश्चिम प्रदेशमा 'बजेट होलिडे' को अवस्था रहेको छ । तत्कालीन मुख्यमन्त्री कमलबहादुर शाहले आर्थिक वर्ष २०८३/८४ को बजेट प्रदेशसभा मा पेस गरे पनि गठबन्धन दलमा आएको बेमेलका कारण पारित हुनसकेन । यहाँ एमालेको समर्थनमा गत साउन २९ गते नेपाल कम्युनिष्ट पार्टी प्रदेशसभा संसदीय दलका नेता भट्टको नेतृत्वमा नयाँ सरकार गठन भएको थियो ।

# कलाकार संघद्वारा दैवीप्रकोप उद्धार कोषमा सहयोग

काठमाडौँ । नेपाल चलचित्र कलाकार सङ्घले बाढी प्रभावितका लागि प्रधानमन्त्री दैवीप्रकोप उद्धार कोषमा रु पाँच लाख २५ हजार ५२५ सहयोग गरेको छ ।

नेपाल सरकारका सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सिनाको उपस्थितिमा सङ्घका अध्यक्ष उत्तम केसीले आज अर्थमन्त्री डा स्वर्णिम वाग्लेलाई सिंहदरबारमा उक्त रकमको चेक हस्तान्तरण गर्नुभएको हो ।

भोटेकोशी हुँदै त्रिशूली नदीमा आएको बाढीबाट प्रभावित परिवारको सहयोगका लागि कलाकारहरूबाट रकम सङ्कलन गरी कोषमा जम्मा गरिएको सङ्घले जनाएको छ ।

सङ्घका अध्यक्ष केसीले बाढी प्रभावित क्षेत्र नुवाकोटका जनप्रतिनिधिका रूपमा मन्त्री तिमिल्सिनाले खेलेको भूमिकाको प्रशंसा गर्दै चलचित्र क्षेत्रका विभागीय मन्त्रीको उपस्थितिमा सहयोग रकम हस्तान्तरण गरिएको बताउनुभयो । सङ्घका निवर्तमान अध्यक्ष मोहन निरौलाले नेपाल चलचित्र कलाकार सङ्घको स्थापना सामाजिक सेवाको भावनासहित भएको उल्लेख गर्दै सङ्घले आफ्नो सामाजिक उत्तरदायित्व निरन्तर रूपमा पूरा गर्दै आएको बताउनुभयो । कठिन समयमा सरकारसँग एकताबद्ध हुँदै प्रभावितलाई सहयोग गर्ने उद्देश्यले कलाकारहरूबाट रकम सङ्कलन गरिएको उहाँको भनाइ थियो । सङ्घका अनुसार जेनजी सहिद दिवस तथा नेपाल चलचित्र कलाकार सङ्घको ३८औँ स्थापना दिवसका अवसरमा आयोजित कार्यक्रमबाट सङ्कलित रकम हस्तान्तरण गरिएको हो ।

# गण्डकीका यातायात व्यवसायीबाट रु २७ लाख बढी सहयोग

कास्की। गण्डकी प्रदेशमा क्रियाशील विभिन्न यातायात प्रालिहरूले भोटेकोशी बाढीबाट प्रभावित नागरिकको उद्धार तथा राहतका लागि रु २७ लाख ३५ हजार ८९५ सहयोग गरेका छन् ।

नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घ गण्डकी प्रदेश समितिमा आबद्ध विभिन्न यातायात कम्पनी तथा समितिहरूबाट उक्त रकम सङ्कलन गरेर प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरिएको महासङ्घ गण्डकी प्रदेश संयोजक महेशबहादुर थापाले जानकारी दिनुभयो ।

महासङ्घ प्रदेश समितिका आबद्ध यातायात कम्पनी पृथ्वी राजमार्ग बस सञ्चालक कम्पनी प्रालिले रु १० लाख ११ हजार १११, पोखरा यातायात प्रालिले रु चार लाख र पोखेली ट्याक्सी सेवा प्रालिले रु तीन लाख बाढीपीडितका लागि सहयोग गरेका छन् ।

त्यसैगरी, धवलागिरि कालिका यातायात प्रालिले दुई लाख पाँच हजार ५५५, स्थानीय यातायात प्रालिले रु एक लाख ५१ हजार १११, बेगनासताल पोखरा यातायात प्रालिले रु एक लाख एक हजार १११, गोरखा दरौँदी यातायात रु एक लाख एक हजार १११, स्याङ्जा गण्डकी यातायात रु एक लाख एक हजार १११ तथा धवलागिरि गण्डकी यातायात प्रालिले रु एक लाख सहयोग गरेका छन् ।

यसैगरी, एवन ग्रेटर नेपाल यातायात प्रालिले रु ५५ हजार ५५५, सिद्धबाबा यातायात सेवा प्रालिले रु ५१ हजार १११, मुस्ताङ मुक्तिनाथ यातायात प्रालिले रु ५१ हजार, धवलागिरि अञ्चल यातायात सेवा प्रालिले रु ५० हजार, तनहुँ व्यासभूमि यातायात प्रालिले रु ३६ हजार ६६६, लमजुङ कालिका यातायात सञ्चालक प्रालि, गण्डकी मम्फौला मिनीट्रक सञ्चालक समिति र गण्डकी ट्याक्टर तथा मिनीट्रक यातायात प्रालिले रु २५ हजार ५५५ का दरले सहयोग गरेको महासङ्घका सचिव अर्जुन पौडेलले जानकारी दिनुभयो ।

त्यसैगरी, पोखरा फेवा यातायात प्रालिले रु २५ हजार र बागलुङ घुम्टे यातायात प्रालिले रु २० हजार कोषमा सहयोग गरेका छन् । गण्डकी प्रदेशमै क्रियाशील कास्कीको अन्नपूर्ण घोडेपानी घान्द्रुक यातायात प्रालिले यसअघि नै रु एक लाख ११ हजार १११ र स्याङ्जा पर्वत यातायात प्रालिले रु २१ हजार जम्मा गरेको महासङ्घ गण्डकीले जनाएको छ ।

# बाढी प्रभावित नुवाकोट र रसुवा जाने टोलीलाई अध्यक्ष ओलीको निर्देशन

काठमाडौँ । नेपाल कम्युनिष्ट पार्टी (एमाले)का अध्यक्ष एवं पूर्व प्रधानमन्त्री केपी शर्मा ओलीले बाढी प्रभावित क्षेत्र नुवाकोट र रसुवामा राहत तथा उद्धारकार्यका लागि खटिएको पार्टीको सम्पर्क विशेष सङ्गठन कमिटीको टोलीलाई आज निर्देशन सहित बिदाइ गर्नुभएको छ। पार्टी कार्यालय च्यासलमा आयोजित कार्यक्रममा अध्यक्ष ओलीले टोलीलाई प्रभावित क्षेत्रमा पुगेर स्थानीय अवस्था बुझ्न, पीडितलाई आवश्यक राहत उपलब्ध गराउन तथा उद्धार कार्यमा प्रभावकारी रूपमा परि चालित हुन निर्देशन दिनुभयो ।

उहाँले विपद् प्रभावित नागरिकलाई तत्काल सहयोग पुर्याउन तथा स्थानीय तह, प्रशासन र सम्बन्धित निकायसँग आवश्यक समन्वय गरी राहत तथा उद्धार कार्यलाई प्रभावकारी बनाउन आग्रह गर्नुभयो । एमालेले भोटेकोशी बाढी



प्रभावित नुवाकोट र रसुवाका नागरि कलाई सहयोग पुर्याउन विभिन्न तहमा राहत, उद्धार तथा पुन: स्थापनाका गतिविधि सञ्चालन गर्दै आएको जनाएको छ ।

# राइट टु रिकल सम्बन्धी दस्तावेज तयार गर्न समिति गठन

काठमाडौँ । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले 'राइट टु रिकल'सम्बन्धी दस्तावेज निर्माणका लागि समिति गठन गरेको छ ।

रास्वपाले शुक्रबार 'राइट टु रिकल'सम्बन्धी दस्तावेज निर्माणका लागि पार्टी महामन्त्री विपिन कुमार आचार्यको संयोजकत्वमा ११ सदस्यीय समिति गठन गरेको पार्टीका प्रवक्ता जगदीश खरेलले जानकारी दिनुभयो। रास्वपाको गत भदौ ५ गतेको केन्द्रीय समितिको बैठकको निर्णय अनुसार उक्त समिति गठन गरिएको प्रवक्ता खरेलले सो कुरा बताउनुभयो ।

समितिमा सदस्यमा गणेश पराजुली, मनिष झा, समीक्षा बाँस्कोटा, अनुष्का श्रेष्ठ, सुशान्त वैदिक, गजला शमिम मिकरानी, करिस्मा कडरिया र प्रमोद न्यौपाने



हुनुहुन्छ। रास्वपाले राइट टु रिकलको व्यवस्थाका लागि आफ्हरुले काम गर्ने बताउँदै आएको छ ।

प्रत्युष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालय:नीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : रमेश अधिकारी, Email : pratyushdainik@gmail.com,Website:epratyush.com